नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :.........................

मिति: २०७५ फागुन १२

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको अध्यक्षतामा "*कृषि तथा पशुपन्छी क्षेत्रको वर्तमान अवस्था र भावी सोच*" विषयमा विभिन्न निकायहरुका पदाधिकारीहरु तथा कृषि सम्बन्धी विज्ञहरुको सहभागितामा अन्तरक्रिया तथा छलफल भयो ।

कार्यक्रमको सुरुवातमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री चक्रपाणी खनालज्यूले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै स्वागत मन्तव्य राख्नुभयो । उक्त छलफलमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. यूवकध्वज जि.सी.ले कृषि तथा पशुपन्छी क्षेत्रको वर्तमान अवस्था र भावी सोचका सम्बन्धमा समग्र प्रस्तुति गर्नुभयो । उक्त प्रस्तुतिमा कृषि क्षेत्रको विद्यमान नीतिगत व्यवस्था तथा लक्ष्यहरु, मुलुकको कृषि क्षेत्रको समग्र परिसुचकहरुको अवस्था, समस्या एवं चुनौतीहरु, सञ्चालित मुख्य कार्यक्रमहरु र मन्त्रालयको भावी सोच तथा प्रस्तावित रुपान्तरणकारी योजनाहरु उल्लेख गर्दै समग्र कृषि रुपान्तरणका मार्गचित्रबारे चर्चा गरिएको थियो । यसका साथै ईन्जिनियर डा भेषराज थापाले प्रदेश नं १ को बेलका नगरपालिकाको कृषिको आधुनिकरण एवं व्यावसायिकरण सम्बन्धी दृश्य सामग्रीसहितको प्रस्तुतीकरण गर्नुभयो ।

प्रस्तुती पश्चात् भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका माननीय मन्त्रीज्यूले भूमि सम्बन्धी समस्या समाधान गर्न गरिएका प्रयासहरुको बारेका जानकारी प्रदान गर्नुभयो। राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यूले किसानलाई उत्प्रेरित गर्न बजारको सुनिश्चितता, सिंचाई व्यवस्था, कृषि विमा लगायतका विषयमा जोड दिनुभयो । क्षेत्रगत विशेषज्ञ तथा विभिन्न निकायका सहभागीहरुको सहभागितामा भएको उक्त छलफल विशेषत: आयात घटाउने, कृषि क्षेत्रलाई व्यावसायिकरण गर्ने र आगामी दिनमा कृषि क्षेत्रको तीव्र रुपान्तरण गर्दै रोजगारीको सिर्जना कसरी गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित रहेको थियो। कार्यक्रममा कृषि सम्बन्धी विषय विज्ञहरु तथा अन्य सरोकारवालाहरुले प्रस्तुतिका विषय तथा समग्र कृषि तथा पशुपन्छी क्षेत्र सुधारका विषयमा सुझावहरु व्यक्त गर्नुभयो ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :...............

कार्यक्रमको अन्त्यमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट विषयवस्तुको समीक्षा सहित निम्न विषयहरुमा सरोकारवाला निकायहरुलाई निर्देशन प्रदान भयो:

- भूमिको समस्या समाधान नगरी कृषि क्षेत्रको विकास नहुने भएकोले सहकारी मार्फत जमीन चक्लाबन्दी गर्ने व्यवस्था गर्ने ।
- कृषि धेरै क्षेत्र तथा निकायसँग जोडिएकोले सबैको समन्वयमा काम गर्नुपर्ने । उत्पादनका साधनमा ठूलो संख्याका कृषकको पहुँच हुने गरी उत्पादन सम्बन्धलाई परिवर्तन गर्नुपर्ने ।
- कृषि क्षेत्रलाई आधुनिकीकरण तथा अन्य क्षेत्रको विकास गरी कृषिमा आबद्ध ठूलो जनसंख्यालाई अन्य क्षेत्रमा लगाउने ।
- जोन र सुपर जोनको अवधारणा उपयुक्त भएकोले देशलाई आवश्यक मुख्य उत्पादनहरुका सुपरजोनको अवधारणामा लैजानुपर्ने ।
- नवप्रवर्तनकारी र ठोस परिवर्तन ल्याउने नयाँ सोच र योजनाहरुमा मन्त्रालय अगाडि बढ्न आवश्यक भएको।
- अर्गानिक प्रणालीको कार्यक्रम कर्णाली क्षेत्रमा सघन रुपमा गर्ने र अन्यत्र पनि विस्तार गर्दै जाने ।
- छाडा चौपायाको व्यवस्था र बाँदरबाट हुने क्षति कम गर्न आवश्यक व्यवस्थापन गर्ने ।
- पशुपन्छी पालन ठूलो स्तरमा गर्ने व्यवस्था मिलाउने । साना स्तरका कृषकहरुले एउटा समुदायभरी नै एउटै बाली लगाई बजारीकरण गर्ने व्यवस्था गर्ने ।
- कुन ठाउँमा के पाल्ने र कुन ठाउँमा के खेती गर्ने विषयमा भूमि व्यवस्था तथा सहकारी र कृषि तथा पशुपन्छी विकास मन्त्रालय बीच छलफल गरी दीर्घकालीन योजना तयार गरी कार्यान्वयनमा लैजाने ।
- आगामी आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रममा कृषिको वृद्धि तीब्र गतिमा बढाउने गरी एकीकृत योजना तयार गरी अगाडि बढ्ने ।

(विनोदबहादुर कुँवर)
प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np